# सरावल गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी

## गहुँको उन्नत बीउ आपूर्ती सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०६/१३

यस कार्यालयको चालु आ.ब.२०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गहुको विउँ आपूर्ति गर्नु पर्ने भएको हुँदा के कति दररेटमा उल्लेखित उन्नत जातको गहुको विउ उपलब्ध गराउन इजाजत प्राप्त संस्था, फर्म र कम्पनीको लागि १५ दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्याद भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

(दुर्गा पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. शिलबन्दी दरभाउपत्र खरिदको लागि निवेदन साथ आ.ब. २०७८/०७९ को आयकर चुक्ता प्रमाण पत्र, विउबिजन कारोबारका लागी इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबुद्धि कर दर्ता प्रमाणपत्र,संलग्न राखी पेश गर्नुपर्नेछ ।
२. आपूर्ति गरिने उन्नत बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट जारी भएको प्रयोगशाला परिक्षण (Germination, Purity Moisture) रिपोर्ट समेत पेश गर्नु पर्ने छ ।
३. आपूर्तिकर्ताले नेपाल सरकार राष्ट्रिय बीउ बिजन समितिबाट तोकिए बमोजिमको मापदण्ड एवम् न्यूनतम गुणस्तर पुगेको उन्नत बीउ मात्र आपूर्ति गर्नुपर्नेछ ।
४. सरावल गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार बीउको गुणस्तरका लागी Technical Audit गर्न सक्नेछ ।
५. आपूर्तिकर्ताले दरभाउ पत्र पेश गर्दा सम्पुर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ र तोकिएको डेलिभरी स्थान सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईने छैन ।
६. गहुको विउ भृकटी, विजय, एन.एल.९७१ र गौतम हुनुपर्नेछ ।
७. आपुर्तिकर्ताले माथि उल्लेखित प्राथमिकता तोकिएका जातहरुमात्र आपुर्तिका लागी आवेदन गर्न सक्नेछन अन्य जातहरु उल्लेख गरी दर्ता भएको आवेदनलाई मुल्याङ्कनका लागी सो जातहरु समावेश गरिने छैन ।
८. आपूर्तिकर्ताबाट फरक - फरक जात वा एउटै जात खरिद गर्न सकिनेछ ।
९. तोकिएको गहुँको परिमाणको कम्तीमा १५ प्रतिशत थपघट गरी खरीद गर्न सकिनेछ ।
१०. कार्यालयबाट स्वीकृत भएका आपुर्तिकर्ताहरुलाई अनुदान रकम भुक्तानी हुनेछ र बाँकि रकम बीउ वितरणका लागी तोकिएका क्रेताबाट आपूर्तिकर्ताले स्यमं भुक्तानी लिनुपर्नेछ ।
११. शिलबन्दी दरभाउपत्र खरिदको लागि रा.बा.बैक परासीमा रहेका आन्तरिक राजस्व खाता नं.३१००१००३०१०१०००३ को राजस्व शिर्षक नं.१४२२९ मा जम्मा गरी सक्कल भौचर कार्यालयमा पेश गरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
१२. राष्ट्रिय बाणिज्य बैक परासी शाखाममा रहेको धरौटि खाता नं. ३१००१००३०३००००००३(ग-३) मा दाखिला गरेको सक्कल भौचर वा जमानत प्राप्त बैकबाट दरभाउ पत्रको अन्तिम मितिबाट लागु हुने गरि ९० दिन म्याद सहित जारी भएको विडवन्ड संलग्न गर्नु पर्नेछ र सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा थप २.५ प्रतिशत रकम जम्मा सहित सम्झौता गरी कार्यारम्भ गर्नु पर्नेछ ।
१३. स्वीकृत कार्यक्रममा थपघट वा कुनै किसिमको संशोधन भई आएमा सोही बमोजिम हुनेछ ।
१४. प्रथम पटक सुचना प्रकाशित मितिले १६ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ । यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमा नै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । दरभाउपत्र कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कनै कारवाही गरिने छैन ।
१५. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१६. शिलबन्दी दरभाउपत्रको सम्वन्धमा विस्तृत जानकारी लिनुपरे यस सरावल गाँउपालिकाको कृषि बिकास शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
१७. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन र नियमावली, बीउ विजन ऐन र नियमावली बमोजिम हुनेछ ।
१८. कुल लागत ईष्टिमेट

| क्र.स. | खरीद गर्न सकिने जातको प्राथमिकिकरण | उन्मोचित वर्ष | लागत अनुमान | धरौटी रकम रु. | सिलबन्दी दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उन्नत जातको गहुको विउ | | १४,००,०००।०० | ३५०००/०० | १०००/०० | |

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत
७९/०६/१३